विश्वका महिला महोत्सव नेपाल

# WOW Grants 2022

# WOW अनुदान २०२२

२०७८ माघ १४

www.britishcouncil.org

# परिचय

ब्रिटिश काउन्सिलले नेपालमा सन् २०१७ देखि विश्वका महिला (वाउ) उत्सवको आयोजना गरिरहेको छ । यो उत्सवको पाँचौं सँस्करण हो । सन् २०२२ को सँस्करणका लागि हामीले मिश्रित कार्यक्रम आयोजना गर्दैछौं: मार्च महिनामा उत्सवका गतिविधि भर्चुअल तरीकाले आयोजना गरिनेछन् र त्यसपछिको महिनामा लुम्बिनीको लुम्बिनी पार्कमा एक दिने भौतिक उपस्थिति सहितको उत्सव हुनेछ । उत्सवको यो सँस्करण लैंगिकता सम्बन्धी मुद्दा र चुनौतीहरूमा केन्द्रित हुनेछ भने यसले लुम्बिनी प्रदेशमा विशेष ध्यान दिँदै नेपालभरीका महिला र बालिकाका कथा प्रवर्द्धन गर्नेछ ।

वाउ उत्सवहरूका बारेमा तपाईंले अझ धैरै जानकारी यहाँ पाउन सक्नुहुन्छ

वाउ उत्सव युकेस्थित वाउ फाउण्डेशनको कार्यक्रम हो र यसलाई दक्षिण एशियामा ब्रिटिश काउन्सिलले आयोजना गर्दछ ।

## मार्गनिर्देशन

अनुदान भनेको के हो?

अनुदान भनेको कुनै व्यक्ति वा सँस्थालाई कुनै मुद्दामा उनीहरूले गर्ने उदाहरणीय कामलाई सघाउनलाई दिइने आर्थिक र आर्थिक-नभई-अन्य सहयोग हो । अनुदान प्रापकले धैरैजसो एउटा खुला र प्रतिस्पर्धी प्रकृया पार गर्नुपर्ने हुन्छ, जस अन्तर्गत उनीहरूले आवेदन दिनुपर्ने र सम्बन्धित दस्तावेजहरू प्रस्तुत गर्नुपर्ने हुन्छ ।

ब्रिटिश काउन्सिलले प्रत्येक वर्ष महत्वपुर्ण सामाजिक बहस र हस्तक्षेपमा कला र सँस्कृतिको प्रयोगलाई प्रोत्साहित गर्नका लागि वर्षैभरी अनुदान दिने गर्छ । ब्रिटिश काउन्सिलका अनुदान अन्तर्गत आर्थिक सहयोग, सल्लाह, र मञ्च पर्दछन् । अनुदानको वितरणलाई अघि बढाउन अनुदानका विवरणहरू र प्रस्तावित गतिविधि/परियोजना लेखिएको करारपत्र आवश्यक हुन्छ ।

## वाउ अनुदान अन्तर्गत के प्रस्ताव गरिएको छ?

हामी लैंगिकतामा आधारित कला/सँस्कृति र सञ्चार केन्द्रित गतिविधिलाई सहयोग गर्नका लागि विभिन्न अनुदानको घोषणा गर्दछौं । अनुदान अन्तर्गत प्रस्तावित गतिविधि र उत्पादनको निर्माण, प्याकेज र वितरण गरेर सम्बन्धित श्रोता/दर्शक र सरोकारवालाहरू समक्ष पुर्याउनका लागि आर्थिक र गैर आर्थिक

सहयोग पर्दछन् । विश्वका महिला उत्सवका स्ट्रान्ड्स अन्तर्गतका गतिविधि अनुदानभित्र पर्दछन्, र अनुदानको रकम एउटै हुनेछैन । निवदेकले प्रस्तुत गरेको बजेटका आधारमा प्रत्येक निवेदनको मुल्यांकन गरेर आर्थिक अनुदान दिइनेछ ।

*वाउ स्ट्रान्ड्स विश्वभरिकै वाउ फेस्टिभलका लागि साझा हुने फेस्टिभलको मूल गतिविधि हो । वाउ स्ट्रान्ड्स अन्तर्गत वाउ थिङ्क-इन (WOW Think In) जस्ता फेस्टिभल पुर्वका गतिविधि र टक्स, बाइट्स, स्पीड मेन्टरिङ्ग जस्तै अन्य अनिवार्य वाउ गतिविधिहरू पर्दछन् । वाउ स्ट्रान्ड्सका बारे अझै जान्न गत वर्षहरूका वाउ गतिविधि-नक्शाहरू यहाँ हेर्न सक्नु हुन्छ ।

## के अनुदानहरू डिजिटल गतिविधिहरूका लागि मात्रै दिइनेछन्?

यो आह्वान वाउ उत्सवमा हुने डिजिटल र भौतिक दुवै किसिमका गतिविधि र उत्पादनका लागि हो । डिजिटल सामग्री र लुम्बिनी प्रदेशमा हुने भौतिक गतिविधिका लागि छुट्टाछुट्टै अनुदान निर्धारित गरिएका छन् । तपाईँले के को लागि आवेदन दिँदै हुनुहुन्छ भन्ने कुरा आवेदन फारममा हामीलाई जानकारी दिन सक्नुहुन्छ ।

## के कस्ता अनुदानका लागि आवेदन दिन सकिन्छ?

तलको टेबलले अनुदानको प्रकार र आर्थिक सहयोगको सीमाको सूची दिनुका साथै थप जानकारी पनि दिएको छ । तपाईँले रोजेको अनुदानको प्रकार निर्धारण गर्नका लगि यो टेबलको प्रयोग गर्नुहोस् (अनुदान प्रस्तावित गतिविधि/उत्पादनमा आधारत हुनुपर्नेछ ।)

*अनुदानको रकम नेरुमा

| क्रसं | अनुदानको प्रकार | उपलब्ध अनुदान संख्या | अनुदानको रकम | टिप्पणी |
|---|---|---|---|---|
| १ | कार्यशाला – डिजिटल | ३-४ | २५,००० – १००,००० | यस अन्तर्गत सहजीकरण शुल्क पर्दछ, र लेखन सामग्री लगायतका सामान पनि समावेश हुनुपर्छ । पर्याप्त कारण भएमा सहभागीको शुल्क पनि समावेश गन सकिन्छ। |

| | | | | |
|---|---|---|---|---|
| २ | कार्यशाला – भौतिक | ४-५ | ५०,००० – १००,००० | यस अन्तर्गत सहजीकरण शुल्क पर्दछ, र लेखन सामग्री लगायतका सामान पनि समावेश हुनुपर्छ । सहभागीको शुल्क पनि समावेश गर्न सकिन्छ (स्थानीय यातायात, जलपान र खाजा, अरु सान्दर्भिक खर्च) । गतिविधि स्थल तथा उपकरण ब्रिटिश काउन्सिलले प्रत्यक्ष रुपमा व्यहोर्ने छ। |
| ३ | कला प्रदर्शन – डिजिटल उत्पादन | ३ | प्रत्येकलाई १००,००० | कला प्रदर्शन अन्तर्गत नृत्य, रंगमञ्च, साहित्य र बहुआयामिक कला हुनसक्छन् – यी परम्परागत वा समसामयिक हुन सक्छन्। ब्रिटिश काउन्सिलले यो कला प्रदर्शनको रिकर्डिङ गर्न सहयोग गर्नेछ । |
| ४ | कला प्रदर्शन – भौतिक प्रदर्शन | ३ | प्रत्येकलाई १५०,००० | कला प्रदर्शन अन्तर्गत नृत्य, रंगमञ्च, साहित्य र बहुआयामिक कला हुनसक्छन् – यी परम्परागत वा समसामयिक हुन सक्छन्। ब्रिटिश काउन्सिलले यो कलाकृतिको प्रदर्शन गर्न लुम्बिनी पार्कमा स्थान दिने छ । |
| 5 | संगीत (प्रस्तुति) | १ | ४५०,००० सम्म | संगीतको प्रकार र गतिविधि प्रस्तुत गर्न। प्रथमतः डिजिटलका लागि। तर लुम्बिनी पार्कमा यसको भौतिक प्रस्तुति गर्ने पनि सम्भावना छ। |
| ६ | नेपाल – युके सहकार्य | २-४ | १५०० – ३००० जिबिपी | यी अनुदानका लागि सह-निवेदक आवश्यक हुन्छ, र एकजना निवेदक युकेमा हुनुपर्छ । युकेका डायस्पोरा र सँस्थाले एक्लै आवेदन दिन सक्छन् । |
| ७ | लुम्बिनीमा आधारित परियोजना | धेरै | १००,००० – ४००,००० | यी अनुदानहरू लुम्बिनीमा आधारित परियोजनाका लागि हुन् । यो प्रकृयामा संलग्न मानिस, गतिविधि र उत्पादनहरू रुपमा लुम्बिनी प्रदेशमा अवस्थित हुनुपर्नेछ । |
| ८ | अनुसन्धान अनुदान | १ | २५०,००० | वाउ भित्र र सहकार्य गर्ने साझेदार र अनुदान प्रापकले गरेका कला/सँस्कृति/सञ्चारमा आधारित |

| | | | | |
|---|---|---|---|---|
| | | | | कामहरूको प्रभावका बारेमा अनुसन्धान गर्ने र प्रतिवेदन लेख्ने । तलको प्रश्न हेर्नुहोस् । |
| ९ | १८ वर्ष भन्दा मुनि (डिजिटल/ भौतिक) | २ | ५०,००० – २००,००० | बालबालिकाका लागि लैंगिक भूमिकाका बारेमा सामूहिक गतिविधि सञ्चालन गर्नका लागि प्रत्येकलाई एउटा अनुदान दिइनेछ, डिजिटल र भौतिक विकल्पहरू उपलब्ध छन् । |
| १० | पुरुष/बालक (डिजिटल मात्र) | १ | १००,००० सम्म | लैंगिकताको विषयमा पुरुष/बालकका लागि सामूहिक गतिविधि सञ्चालन गर्नका लागि अनुदान – गतिविधिले व्यवहार/बुझाईमा परिवर्तन गर्ने लक्ष्य राख्नु पर्छ । |

*रातो रंगमा लेखिएका अनुदान लुम्बिनीमा आधारित हुन्

प्रस्ताव कलाका यी विधाका बारेमा हुन सक्छः हस्तकला, डिजाइन, फेशन, वास्तुकला, साहित्य, संगीत, नृत्य, रंगमञ्च, दृश्य कला । प्रस्तावबाट लैंगिक समानताको परिणाम आउनु आवश्यक हुने छ ।

मैले बजेटको विवरणमा के के राख्न सक्छु?

प्रस्तावित गतिविधि सञ्चालन गर्नका लागि अपेक्षाकृत सबै खर्च समावेश गर्नुहोस्। यस अन्तर्गत कलाकार/सहजकर्ताको शुल्क, लेखन वा निर्माण सामग्री, स्थानको शुल्क, सहभागीका लागि जलपान, संयोजन खर्च, आदि पर्दछन्। अरु कुनै पक्षले तपाईँलाई दिने भनेको म्याच्ड आर्थिक वा गैर आर्थिक सहयोगबारे अनुदान आवेदनमा उल्लेख गर्नुहोस्।

कला परियोजनाका लागि बजेट बनाउनेका लागि छोटो मार्गनिर्देशन यहाँ छ।

भिडियो आवेदनमा के के हुनुपर्छ?

यदि तपाईँ हामीलाई भिडियो आवेदन दिन चाहनुहुन्छ भने तपाईँले arts@britishcouncil.org.np मा इमेल गर्न सक्नुहुन्छ। भिडियोको लिंक पठाउनुहोला वा कुनै भिडियो पठाउने प्रणालीको प्रयोग गर्नुहोला। इमेलको इन्बक्समा ठाउँ सीमित हुनाले तपाईँले सीधै भिडियो पठाउनुभयो भने नआईपुग्न सक्छ।

भिडियोमा तपाईँले हामीलाई प्रस्तावित गतिविधिको कथा भन्नुहोस्। त्यसमा यी कुरा हुनसक्छन्:

- शुरुवातः पृष्ठभूमी र सन्दर्भ बताउनुहोस्। प्रस्तावित गतिविधि किन अहिले गर्नुपर्छ? तपाईँले भन्न खोजेको कथा के हो?

- मध्यः तपाईँ के गर्दै हुनुहुन्छ? यहाँ तपाईँले परियोजनाको बारेमा र परियोजनालाई कसरी सञ्चालन गर्ने योजना बनाउनुभएको छ भन्ने बारेमा विस्तार गर्न सक्नुहुन्छ। के कस्ता गतिविधि गरिनेछन्?
- अन्त्यः परियोजनाको उत्पादन के हुन्छ? नतीजा के हुन्छ? तपाईँको परियोजनाको कस्तो प्रभाव पर्नेछ?

भाषाः तपाईँले आवेदन अंग्रेजीमा, नेपालीमा, नेपालको अरु कुनै जातीको भाषामा वा राष्ट्रिय सांकेतिक भाषामा दिन सक्नुहुन्छ। कम बोलिने भाषा भएमा हामीले अनुवादकको सहायता लिनु पर्ने हुन्छ, जसलाई हेर्न बढी समय लाग्ने छ।

अनुसन्धान अनुदान के हो?

कला/सँस्कृति/सञ्चारमा आधारित हस्तक्षेपको प्रभावको मापन गर्न गाह्रो हुन्छ, र त्यसका लाग जटिल पद्धति र बहु आयामिक दृष्टिकोण आवश्यक हुन्छन् । तर भविष्यका गतिविधिहरूलाई अझ प्रभावशाली बनाउनका लागि प्रमाणको आवश्यकता भने रहन्छ । यस्तो प्रमाणले दिने अन्तर्दृष्टि र जानकारी विभिन्न रणनीतिक निर्णय (जस्तै, श्रोता/दर्शक/पाठकमा वृद्धि, नियमन तथा विकास, सरोकारवालाहरूको व्यवस्थापन, आदि) लिने बेलामा उपयोगी हुन्छ, जसले श्रृजनात्मक क्षेत्रहरूलाई सघाउँछ ।

यो आह्वानले इंगित गरेका र वाउका सहकार्य गर्ने व्यक्ति/सँस्था, अनुदान प्रापक र साझेदारहरूले लागु गरेका कला/सँस्कृति/सञ्चारमा आधारित गतिविधिहरूको समीक्षा गर्न चाहने व्यक्ति/सँस्थाका लागि हामी एउटा अनुदान दिँदैछौँ, जसले यो गतिविधिको सम्भावित र वास्तविक प्रभावको बारेमा प्रतिवेदन तयार गर्नु पर्ने छ ।

तपाईँले यो अनुदानका लागि आवेदन दिँदै हुनुहुन्छ भने तपाईँले आफ्नो अनुसन्धानको पद्धति पनि प्रस्ताव गर्नुपर्ने छ । वाउका साझेदारीहरू र गतिविधिहरू सन् २०२२ को फेब्रुअरी देखि अप्रिल महिनासम्ममा सकृय हुनेछन् । अनुसन्धानको अवधी पनि त्यही हो । १५ मे २०२२ सम्ममा प्रतिवेदन बुझाउनुपर्नेछ । आवेदनको प्रकृयापछि अनुदान प्रापकसँग मिलेर नतीजा र भूमिकाहरू निर्धारण गरेर टिओआर **(Terms of responsibilities)** बनाइने छ । लुम्बिनी पार्कमा हुने भौतिक गतिविधिमाथि अनुसन्धान गर्नका लागि यात्रा गर्नुपर्ने हुनसक्छ – त्यसको लागत ब्रिटिश काउन्सिलले प्रत्यक्ष रुपमा व्यहोर्ने छ ।

तपाईँले यहाँ हाम्रो वेबसाइटमा रहेका वाउ पृष्ठहरू हेरेर गतिविधिका बारेमा अझ राम्रोसँग बुझ्न सक्नुहुन्छ ।

यो अनुदानका लागि कसले आवेदन दिनेछन् भन्ने हामीले अपेक्षा गरेका छौँ?

ब्रिटिश काउन्सिलले लैंगिक समानता ल्याउने कार्यप्रति प्रतिबद्ध व्यक्ति वा सँस्थाबाट आवेदनहरू आउने अपेक्षा गरेको छ । आवेदकले वाउ नेपाल उत्सवमा सहभागी बन्ने प्रयोजन स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ । वाउ नेपालसँग काम गर्न चाहने कारणहरू यी हुन सक्छन्:

- लैंगिकता सम्बन्धी विविध काममा नयाँ दर्शक/श्रोता, सहकार्य गर्ने मानिस/सँस्था वा सरोकारवालासँग सम्पर्क बढाउनु
- व्यवहार/बुझाई परिवर्तन गराउनका लागि श्रृजनात्मक रुपमा कला, सँस्कृति, र सञ्चारको नौलो प्रयोग गर्नु
- अरु बेलामा वाउ जस्ता मञ्चमा पहुँच नहुने महिला/बालिकाको अभिकर्तृत्वलाई सहयोग गर्नु
- दीर्घकालीन व्यक्तिगत वा सँस्थागत लक्ष्यलाई अघि बढाउनु
- लैंगिकताको वकालतमा श्रृजनात्मक र कथात्मक विधिका बारेमा नयाँ अन्तर्दृष्टि र जानकारीको विकास गर्नु

## के विद्यमान अनुदान प्रापकले यो अवसरका लागि आवेदन दिन पाउँछन्?

तपाईंले यो भन्दा अगाडि सन् २०२० वा २०२१ मा वाउ नेपाल अनुदान पाउनुभएको छ भने तपाईं मुख्य निवेदकका रुपमा आवेदन दिन योग्य हुनुहुन्न । ब्रिटिश काउन्सिल नेपालको सकृय अनुदानमा काम गरिरहेका मानिस यो अवसरमा मुख्य आवेदकका रुपमा आवेदन दिन योग्य हुँदैनन् । यदि तपाईं विश्वव्यापी ब्रिटिश काउन्सिल अनुदानमा काम गरिरहनुभएको छ भने तपाईं आवेदन दिन योग्य हुनुहुन्छ । भूतपुर्व र विद्यमान अनुदान प्रापकले अर्को मुख्य आवेदकसँग मिलेर आवेदन दिन सक्नुहुन्छ ।

## के अनुदानका कुनै शर्तहरू छलफल वा संशोधनका लागि खुल्ला नहुने छन् ?

सबै आवेदन प्रस्तावहरूले निम्न लिखित शर्तहरूको लेखा-जोखा राख्नु पर्नेछ :

१. सबै डिजिटल उत्पादनहरू सन् २०२२ मार्चको ८ देखि २० भित्रमा वाउ नेपाल भर्चुअलमा प्रस्तुत गर्नुपर्नेछ ।

२. सन् २०११ को २३/२४ अप्रिलमा हुने वाउ नेपाल लुम्बिनी उत्सवका लागि भौतिक उत्पादन आवश्यक हुनेछन् ।

३. अनुदान प्रापकले वाउको बौद्धिक सम्पतिको अधिकार पाउने छैन । तसर्थ अनुदान प्रापकले ब्रिटिश काउन्सिल सँगको सहमतिमा पहुँच र विज्ञापनका गतिविधि सहितको सञ्चार योजना तयार पारि

लागु गर्नेछ । यो योजना वाउ फेस्टिभलको ब्राण्डमा हुनेछ । वाउको प्रत्येक सँस्करणले छुट्टाछुट्टै महिला कलाकारसँग मिलेर उत्सवका दृश्य सामग्री तयार गर्छ ।

४. नेपाल सरकारले स्थापित गरेको कोभिड-१९ को सुरक्षा दिशानिर्देश अनुसार गतिविधिको तयारी र कार्यान्वयन गरिनेछ । निर्णायक मण्डलले भौतिक रूपमा उपस्थित हुनुपर्ने गतिविधि गर्ने वा नगर्ने भन्ने बारेमा विचार गर्नेछ (सामाजिक दूरी अपनाएर) । गतिविधि प्रस्तुतिका लागि ब्रिटिश काउन्सिलले लुम्बिनीस्थित स्थान उपलब्ध गराउन सक्छ ।

५. प्रस्तावित बजेटले १०% भन्दा बढीको ओभरहेड वा व्यवस्थापन खर्च समावेश गर्नेछैन । यस अन्तर्गत कलाकारको शुल्क पर्दैन ।

६. ब्रिटिश काउन्सिलका अनुदान कर कटौतीका लागि योग्य हुँदैनन् तर भ्याटमा दर्ता गरिएका आवेदकले आफ्नो बजेट भ्याट समावेशी भएको सुनिश्चित गर्नुहोस् ।

७. अनुदान प्रापकले ब्रिटिश काउन्सिलसँग औपचारिक करार गर्नु पर्नेछ र अनुदान प्राप्त गर्न विक्रेता सिर्जना प्रक्रिया (vendor creation process) पुरा गर्नु पर्नेछ । करारले प्रस्तावित नियम र शर्तहरू लगायत प्रोजेक्ट अनुदानका विवरणको अभिलेख राख्नेछन् ।

८. अनुदान प्रापकले ब्रिटिश काउन्सिलद्वारा नियुक्त गरिएको मुल्यांकनकर्तासँग सहकार्य गरि प्रतिक्रिया लिने साधन र संयन्त्रलाई लागु गरि आफ्ना क्रियाकलापको प्रभावको अभिलेख राख्नेछन् र क्रियाकलापको सारांश प्रतिवेदनसँगै त्यसको अडियो-भिडियो अभिलेख पनि बुझाउनेछन् ।

९. अनुदान प्रापकले गतिविधि प्रस्तुत गरेको ३० दिन भित्रमा प्रस्तावित गतिविधिको कार्य समिक्षामा सहभागी हुनेछन् ।

## विज्ञापन गरिएको अनुदान रकम मेरो परियोजनाका लागि अपर्याप्त भएका के हुन्छ?

हाम्रो अनुदानले विविध कलाकारहरूलाई श्रृजनात्मक र रणनीतिक काम गर्न सम्भव बनाउने उद्देश्य राखेको छ । वाउमा भाग लिनका लागि मात्र गतिविधि निर्माण गर्न हामी प्रोत्साहित गर्दैनौं । अतिरिक्त लगानी आवश्यक पर्ने प्रस्ताव भएमा तपाईंले यी कुरा विचार गर्न सक्नुहुन्छः

- साझेदारहरूसँग सम्पर्क गर्ने (कुनै प्रस्तावित गतिविधि/उत्पादनलाई सहयोग गर्न सक्ने साझेदारको संख्यामा सीमा तोकिएको छैन)
- सहकार्यकर्ता र सहयोगीहरूबाट गैर आर्थिक सहयोग प्राप्त गर्ने

- आवेदन दिने बारेमा पुनर्विचार गर्ने – यो तपाईंको लगि उपयुक्त नहुन पनि सक्छ । आफ्नो अवधारणामा सम्झौता गर्ने वा कसैको शोषण गर्ने (जस्तै, व्यवसायिक मानिसहरूलाई निःशुल्क समय दिने आग्रह गर्ने) सल्लाह हामी दिँदैनौँ ।
- आवेदन दिएर अतिरिक्त रकमका लागि पनि आवेदन दिने बारेमा विचार गर्न सक्नुहुन्छ– प्रस्ताव बलियो, नौलो र प्रभावशाली भएमा र त्यसले भविष्यका लागि बाटो बनाउँछ वा दीर्घकालीन पहल वा गतिविधिमा योगदान दिन्छ भने हामी अतिरिक्त सहयोगको प्रस्तावमाथि विचार गर्न तयार छौँ ।

आवेदक वा अन्य कुनै श्रोतले गतिविधिका लागि दिने अतिरिक्त योगदान मुल्यांकनमा आवश्यक मापदण्ड होइन । तर त्यस्ता प्रतिबद्धताले गतिविधिको पहुँच बढाउन सक्छन्, जसलाई मुल्यांकन समितिले अन्तिम निर्णय गर्ने बेलामा ध्यान दिनेछ । तपाईंले अरु कोही सम्भावित साझेदारलाई लगानी गर्न अनुरोध गर्दै हुनुहुन्छ भने प्रस्तावमा त्यो कुरा उल्लेख गर्नुहोला।

## डिजिटल र भौतिक दुवै सामग्रीका लागि थप सहयोग दिइने बताइएको छ, त्यो के हो?

### डिजिटल गतिविधिका लागि:

- भाषा अनुवाद र/वा सांकेतिक भाषा
- सञ्चार र प्रवर्द्धनको तयारी – यस अन्तर्गत प्रवर्द्धन सामग्री तयार गर्नका लागि ग्राफिक्स डिजाइन पनि पर्दछ
- कामको समीक्षा तथा मुल्यांकन
- परियोजना व्यवस्थापन, मूल्यमा आधारित कामगराई लगायतका विषयमा अभिमुखीकरण तथा तालीम
- डिजिटल मञ्चहरू (MS Teams, Zoom जस्ता भिडियो शेयरिङ एप्लिकेसनहरू)

### डिजिटल उत्पादनका लागि:

- भाषा अनुवाद र/वा सांकेतिक भाषा
- सञ्चार र प्रवर्द्धनको तयारी – यस अन्तर्गत प्रवर्द्धन सामग्री तयार गर्नका लागि ग्राफिक्स डिजाइन पनि पर्दछ
- कामको समीक्षा तथा मुल्यांकन
- परियोजना व्यवस्थापन, मूल्यमा आधारित कामगराई लगायतका विषयमा अभिमुखीकरण तथा तालीम
- डिजिटल प्रकाशनका लागि उत्पादन पहिल्यै रेकर्ड र निर्माण गरेर ब्राण्डिङ/प्याकेजिङ गर्ने व्यवसायिक टोली

- वाउ अनुदान कार्यकमका रुपमा ब्रिटिश काउन्सिलका सबै डिजिटल मञ्चमा उत्पादनको प्रवर्द्धन

भौतिक उत्पादन/गतिविधिका लागि:

- भाषा अनुवाद र/वा सांकेतिक भाषा
- सञ्चार र प्रवर्द्धनको तयारी – यस अन्तर्गत प्रवर्द्धन सामग्री तयार गर्नका लागि ग्राफिक्स डिजाइन पनि पर्दछ
- कामको समीक्षा तथा मुल्यांकन
- परियोजना व्यवस्थापन, मूल्यमा आधारित कामगराई लगायतका विषयमा अभिमुखीकरण तथा तालीम
- डिजिटल प्रकाशनका लागि उत्पादन पहिल्यै रेकर्ड र निर्माण गरेर ब्राण्डिङ/प्याकेजिङ गर्ने व्यवसायिक टोली
- लुम्बिनी विकास कोषसँगको साझेदारीमा गतिविधिका लागि स्थान तथा अन्य आवश्यक सहयोग
- निर्माण व्यवस्थापनमा सहयोग (आवश्यक भएमा)
- डिजिटल मञ्चमा र गतिविधि स्थलमा वाउ उत्सवको गतिविधिका रुपमा कार्यक्रम अघि र पछि प्रवर्द्धन

## हामीले हाम्रो प्रस्तावित गतिविधि कसका लागि लक्षित गर्नुपर्छ?

लैंगिक असमानता विश्वव्यापी चुनौती हो । समान र समानुपातिक संसारका लागि झण्डै सबै मानिसले कदम चाल्नुपर्छ र जिम्मेवारी अनुभव गर्नुपर्छ ।

लैंगिक समानताको आवश्यकता र तात्कालिकता बुझ्ने मानिसले यो अनुदानका लागि आवेदन दिनेछन् भन्ने ब्रिटिश काउन्सिलको अपेक्षा छ । न्यूनतम रुपमा, आवेदकहरूले आफ्नो लक्षित समूह कुन हो भन्ने स्पष्ट रुपमा बुझेका हुन्छन् भन्ने हाम्रो अपेक्षा छ । तपाईं यसको बारेमा स्पष्ट हुनुहुन्न भने यी कुराहरूको मद्दत लिन सक्नुहुन्छः

- के तपाईं डिजिटल माध्यम प्रयोग गर्दै हुनुहुन्छ? डिजिटल विभाजन साँच्चै हुन्छ, र डिजिटल असमानताले भर्चुअल गतिविधिको पहुँचलाई असर गर्छ । तपाईंले छानेको दर्शकसम्म तपाईंले रोजेको माध्यम पुग्छ भन्ने सुनिश्चित गर्नुहोस् ।
- तपाईंको उद्देश्य के हो? हामीले विगतका सहकार्यकर्ताबाट संकलन गरेका केही उद्देश्यहरू माथि उल्लेख गरिसकेका छौं । तपाईं आफ्नो उद्देश्यका बारेमा स्पष्ट हुनुहुन्छ भने तपाईंले आफ्नो रणनीति र उनीहरूमा चाहेको प्रभाव पार्ने क्षमतामा आधारित भएर आफ्नो दर्शक निर्धारण गर्नुहोस् । उदाहरणका लागि, यदि तपाईं महिला/बालिकालाई असर पार्ने नीतिलाई प्रभाव पार्न चाहनुहुन्छ भने स्वाभाविक रुपमा तपाईंले नीतिनिर्माता, अधिवक्ता, प्रचारप्रसारकर्ता

र अन्य त्यस्ता मानिसलाई लक्षित गर्नुपर्छ जसले तपाईँको उद्देश्यलाई फाइदा पुग्ने निर्णय गर्न सकुन् ।

- तपाईँ भौतिक रुपमा गतिविधि प्रस्तुत गर्दै हुनुहुन्छ भने तपाईँ लुम्बिनी प्रदेशको सन्दर्भ, मुद्दाहरू, चुनौती र अवसरमा केन्द्रित हुनुपर्छ । तपाईँको अन्तिम उत्पादन बृहत्तर दर्शक/श्रोताका लागि पनि काम लाग्न सक्छ, तर भौतिक गतिविधिका लागि प्राथमिक दर्शक लुम्बिनी प्रदेशकै हुनुपर्छ । विस्तृत विवरणका लागि हाम्रो थिंकिन रिपोर्ट हेर्नुहोस् **(तल)**

वाउ नेपालका भूतपुर्व सँस्करणमा लैंगिकताको वितरण ७०/३० थियो, र वक्ता, कलाकार र प्रस्तोताका रुपमा लैंगिक अल्पसंख्यक मानिसहरूको प्रतिनिधित्व थियो । सबैभन्दा ठुलो उमेर समूह १९ देखि ३५ वर्ष बीचका महिलाको थियो । सँस्करणहरूमा १८ वर्ष मुनिका पुरुषका लागि निर्धारित गतिविधि हुने गर्दछन् ।

आवेदनमा तपाईँले आफ्नो दर्शकलाई परिभाषित गर्नुपर्ने हुन्छ । तपाईँको परिभाषमा अन्तर्सम्बन्धित अवरोधका बारेमा पनि व्याख्या गर्नुहोला । लैंगिकता, उमेर, योग्यता, आदिमा आधारित सामान्य उत्तरहरू निर्णायकका सामु सफल हुने छैनन् ।

## मेरो प्रस्तावित गतिविधिमा मैले कुनै आवश्यक मूल्यको पालना गर्नु पर्ने हुन्छ?

ब्रिटिश काउन्सिलले आफ्ना साझेदार, विक्रेता र अनुदान प्रापकलाई यो सँस्थासँगको आफ्नो काममा यी कुराहरूको लेखाजोखा राख्न प्रोत्साहित गर्दछः

- डाटा सुरक्षाः परियोजनाका उत्पादनमा आवश्यक भएसम्म मात्र व्यक्तिगत र संवेदनशील जानकारीको सम्पादन गर्ने (परियोजना सकिएपछि त्यस्ता जानकारी विनाश गर्ने) यहाँ थप जानकारी पाउनुहोस्
- वातावरणः प्रस्तावित गतिविधिको वातावरणमाथि पर्ने असरको नियमन र न्यूनीकरण गर्ने प्रतिबद्ता
- समानता, विविधता, समावेशीताः साँस्कृतिक सम्बन्ध सम्बन्धी सँस्था भएको नाताले, हामीले गर्ने सबै कामको केन्द्रमा समानता, विविधता, समावेशीता छन् । तपाईँले हाम्रो समानता, विविधता, समावेशीताका मूल्यको बारेमा थप जानकारी यहाँ पाउन सक्नुहुन्छ ।
- सुरक्षित वातावरणः ब्रिटिश काउन्सिलका सबै काम र गतिविधिमा हामीले सम्भावित जोखिममा भएका युवा र वयस्क मानिसका लागि सुरक्षित वातावरण निर्माण र प्रदान गर्ने लक्ष्य राखेका छौँ ।

  तपाईँले हाम्रो सुरक्षा नीति वक्तव्य सम्बन्धी अझ बढी जानकारी यहाँ पाउन सक्नुहुन्छ

*अनुदान प्रापकहरूले ब्रिटिश काउन्सिलका मूल्य क्षेत्रका बारेमा गरिने वेबिनारमा उपस्थित हुनुपर्ने छ ।

## के मैले १८ वर्ष मुनिका मानिसका लागि परियोजना प्रस्ताव गर्न सक्छु?

१८ वर्ष मुनिका युवाहरूका लागि गतिविधिका बारेमा प्रस्तावका लागि दुईवटा अनुदान छुट्याइएका छन् । त्यस्ता परियोजनाले ब्रिटिश काउन्सिलको सुरक्षा नीति र आचारसंहितको पालना गर्नुपर्ने हुन्छ – जोखिममा भएका बालबालिका वा वयस्क लगायतका जोखिममा रहेका कुनै पनि समूहप्रति कुनै दुर्व्यवहार/शोषणप्रति शून्य सहनशीलताको हाम्रो नीति छ । जोखिममा रहेका समूहसँग काम गर्ने आवेदकले हाम्रो अनिवार्य प्रकृया पुरा गर्नुपर्ने छ जस अन्तर्गत निम्न दस्तावेज भर्ने, हस्ताक्षर गर्ने र पेश गर्ने गर्नुपर्नेछः

- तस्वीर/भिडियो/लेखाइ अनुमति फारम : तस्वीर/भिडियो/लेखाइमा व्यक्तिगत जानकारीको अभिलेखीकरण गर्नुपरेमा युवाको अभिभावकले हस्ताक्षर गर्नुपर्ने छ
- वयस्कहरूको औपचारिक आपराधिक रेकर्डका बारेमा स्वघोषणा
- सरकारले दिने प्रहरी कार्यालयको प्रमाणपत्र, यहाँ आवेदन दिनुहोस्
- अभिभावकको फारम र स्वास्थ्य सम्बन्धी फारमः युवाको अभिभावकले हस्ताक्षर गर्नुपर्ने
- गतिविधिमा सहभागिताको सहमति फारमः युवाको अभिभावकले हस्ताक्षर गर्नुपर्ने
- बालबालिका सुरक्षा घोषणा फारमः यात्रा गर्नुपरेमा बालबालिकासँग भएका शिक्षक/अभिभावकले भर्नुपर्ने

*सबै दस्तावेजका नमुना ब्रिटिश काउन्सिलले उपलब्ध गराउने छ । आवेदकले आफैँ प्रहरी कार्यालयले दिने प्रमाणपत्रका लागि निवेदन दिनुपर्ने छ ।

## वाउ नेपाल २०२२ का लागि प्राथमिकतामा परेका कुनै विषय छन्?

हाम्रो लुम्बिनी प्रदेशको गतिविधिले हामीले पर्सा र नेपालगञ्जमा आयोजना गरेका वाउ थिंकिनबाट पाएका अन्तर्दृष्टि पनि समावेश गर्नेछन्। स्थानीय सरोकारवालाहरूको प्रतिकृयाको सारांश तपाईँ यहाँ पढ्न सक्नुहुन्छ । **(खण्ड २, वाउ थिंकिन २०२२: फाइण्डिंग्समा जानुहोला)**

तपाईँले यो अनलाइन फारम मार्फत आवेदन दिन सक्नुहुन्छ ।

फारम नेपाली वा अंग्रेजीमा भर्न सकिनेछ ।

फारम भर्न शुरु गर्नु भन्दा अगाडि तपाईँले यी कुराहरू तयार गर्नुपर्ने हुन्छः

- परियोजनाको विवरण, उद्देश्य र नतीजा, दर्शक, बिजनेस केस (यो गतिविधि कसरी श्रृजनात्मक र सान्दर्भिक छ) उल्लेख गरिएको प्रस्ताव र बजेट फारममा अपलोड गर्नुपर्ने छ ।
- फारम भर्नु अघि प्रश्नहरू हेर्न चाहनुहुन्छ भने यहाँ हेर्नुहोस्

### आवेदनको प्रकृया कस्तो हुन्छ ?

हामीले यो अनुदान लेखन सकेसम्म फराकिलो समूहको पहुँचमा होस् भनेर यसलाई सकेसम्म सरल बनाएका छौं । हाम्रो आवेदन फारममा तपाईंलाई आधारभूत व्यक्तिगत र/वा सँस्थागत जानकारी, परियोजनाका मुख्य विवरण, बजेट, र वाउ नेपाल र यसका उद्देश्यसँग तपाईंको प्रस्तावको मेलको विषयमा राखिएका प्रश्नको उत्तर दिनु पर्नेछ । उत्पादनमा संलग्न हुने मानिसका बारेमा र तपाईंको लक्षित दर्शकका बारेमा तपाईंले विस्तृत विवरण दिनुपर्ने छ । फारम डिजिटल हो र अंग्रेजी र नेपाली दुवैमा उपलब्ध छ । तपाईं अझै पनि यो प्रकृयाका बारेमा स्पष्ट हुनुहुन्न भने हामी भिडियो आवेदन पनि स्वीकार गर्छौं । यो विकल्पका बारेमा सोध्नलाई arts@britishcouncil.org.np मा इमेल गर्नुहोस् ।

### आवेदनको मुल्यांकन कसले कसरी गर्नेछ ?

कुनै प्रस्तावले हाम्रो योग्यताको मापदण्ड पुरा गर्छ भने निर्णायक मण्डलले त्यसलाई निम्न बुँदाका आधारमा समीक्षा गर्नेछः

- ब्रिटिश काउन्सिल र वाउ नेपालका उद्देश्यसँग राम्रो मेल– २५%
- प्रस्तावित गतिविधि, त्यसको डिजाइन र काम गर्ने तरीकामा श्रृजनात्मकता र नौलोपना – २५%
- निवेदकको सँस्थागत/व्यक्तिगत पोर्टफोलियो (सान्दर्भिक अनुभव/पृष्ठभूमी) – २५%
- प्रदर्शित मूल्य (अनुदान प्रापकले पालना गर्नुपर्ने ब्रिटिश काउन्सिलका मूल्यहरू तल हेर्नुहोस्) - २५%

स्पष्टिकरणको आवश्यकता भएमा निर्णायक मण्डलले अन्तिम निर्णय लिनका लागि आवश्यक थप जानकारी पाउन सीधै निवेदकलाई सम्पर्क गर्नेछ ।

### हामीले हाम्रो आवेदन सफल भयो कि भएन भनेर कहिले थाहा पाउने छौं?

आवेदन प्रापक रोलिङ आधारमा (नयाँ आवेदन, नयाँ जानकारी आए अनुसार स्वीकृत/अस्वीकृत/प्रतीक्षासूचीको निर्णयहरू लिने गरि) घोषणा गर्ने हाम्रो अपेक्षा छ । आवेदनहरू हामीले पाउन थालेपछि पाउञ्जेल तिनीहरूको मुल्यांकन गरिरहने छौं । तपाईं ७ कार्यदिन भित्रमा (शनिबार/आईतबार बाहेक) निर्णय थाहा पाउने अपेक्षा गर्न सक्नुहुन्छ । सफल आवेदकसँग इमेलमा संवाद गरिनेछ ।

अनुदान आह्वानको समयसीमा २९ फेब्रुअरी २०२२ मा सकिनेछ ।

## के आवेदन दिनका लगि मसँग दर्ता गरिएको कम्पनी वा सँस्था हुनुपर्छ?

दर्ता गर्नु अनिवार्य छैन। व्यक्तिगत आवेदकहरूसँग प्यान नम्बर हुनुपर्छ । भ्याट र प्यानमा दर्ता गरिएका कम्पनी दुवै आवेदन दिन योग्य छन् । अनुदान दिने प्रकृया अगाडि बढाउन यी दस्तावेज आवश्यक हुनेछन्:

- प्यान वा कम्पनी दर्ता
- भोइड चेक वा ब्यांक स्टेटममेण्ट (ब्यांक खाता पुष्टि गर्नका लागि)
- भरिएको ब्यांक डिक्लेरेशन फारम– ब्रिटिश काउन्सिलले उपलब्ध गराउनेछ

## के आवेदन दिनका लगि म नेपाली नागरिक हुनुपर्छ?

यो आवेदन आह्वान नेपाली र नेपाली डायस्पोराका लागि हो। तपाईँसँग नेपाली नागरिकता नभएपनि तपाईँ आफुलाई नेपाली भनेर चिनाउनुहुन्छ भने तपाईँ आवेदन दिन सक्नुहुन्छ। युकेका नागरिकले नेपाली सहकार्यकर्तासँग मिलेर आवेदन दिन सक्छन्। तपाईँ अझै पनि स्पष्ट हुनुहुन्न र आवेदन दिनु भन्दा अगाडि हामीसँग कुरा गर्न चाहनुहुन्छ भने कृपया हामीलाई arts@britishcouncil.org.np मा सम्पर्क गर्नुहोला।

## मैले कसरी अनुदान प्राप्त गर्न सक्छु ?

यदि तपाईको आवेदन स्वीकृत भएमा हामी त्यसपछिको प्रक्रियाका बारेमा जानकारी सहित सम्पर्क गर्नेछौं । वाउ कमिसन अनुदान प्राप्त गर्न सम्बन्धित प्रस्तावको विवरण उल्लेख गरिएको औपचारिक सम्झौता वा करार गर्नुपर्नेछ । यस अन्तर्गत कार्यान्वयन पुरा गर्न दिइएको आर्थिक सहायताको लेखा राख्न मिल्ने प्रोजेक्ट योगदान पनि पर्नेछ ।

भुक्तानीको प्रकृयाको सारांश यहाँ दिइएको छः

चरण १: आवेदन भरेर पेश गरिन्छ

चरण २: निर्णायक मण्डलले आवेदन हेरेर निर्णय लिन्छ

चरण ३: अनुदान प्रापकलाई सूचित गरिन्छ र प्रकृया अगाडि बढाउन अनुरोध गरिन्छ

चरण ४: विक्रेता (vendor) श्रृजना शुरु गरिन्छ (आन्तरिक प्रकृया) – दुई हप्तासम्म लाग्न सक्छ

चरण ५: पर्चेज अर्डरको श्रृजना गरिन्छ – रकम दिनका लागि अनुदान प्रापकबाट रसिद वा चिठीको लागि अनुरोध गरिन्छ

चरण ६: ब्यांकबाट ब्यांकमा भुक्तानी गरिन्छ – प्रकृया पुरा हुन दुई हप्तासम्म लाग्न सक्छ

चरण ७: प्रत्येक हप्ताको मंगलबार/बुधबार ब्यांक ट्रान्सफरबाट अनुदान रकम पाइन्छ

यो प्रकृया आर्थिक सहयोगका लागि मात्र लागु हुने कुरा ध्यान राख्नुहोला

## के अनुदानबाट कर कटौती हुनेछ ?

ब्रिटिश काउन्सिलको अनुदानहरूमा कर छुट हुन्छ तर भ्याटमा दर्ता गरिएका आवेदकहरूले पेश गरिएको समग्र बजेटमा १३% भ्याट समावेश गर्नु पर्नेछ ।

## वाउ फेस्टिभलहरू बारे अझै बुझ्न कता हेर्दा हुन्छ ?

वाउ फाउन्डेसन र वाउ - विमेन अफ द वर्ल्डका गतिविधि र फेस्टिवलका बारे जान्न :
www.thewowfoundation.com

नेपालमा सञ्चालन भएका विगतका वाउका बारे विवरण र रिपोर्ट यहाँ हेर्न सकिन्छ :
www.britishcouncil.org.np/wowfestival

सिर्जनात्मक कमिसन अनुदानको आवेदन भर्न यहाँ क्लिक गर्नुहोस् ।